# पञ्चदेवल विनायक नगरपलिका
# नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम, प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.नं.:

मिति : २०८०/१०/१०
ने.सं. : ११४४ पोहेलाथ्व

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

यस पञ्चदेवल विनायक नगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/१०/०४ गतेको निर्णयानुसार नगरपालिकाका लागि तपसिल अनुसारका पद तथा संख्यामा कर्मचारीहरु करारमा नियुक्त गर्नु पर्ने भएकोले निम्नलिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

| क.सं. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | नेत्र सहायक | १ (एक) | |
| २ | ०२/०८०/०८१ | अप्टिकल डिस्पेन्सर | १ (एक) | |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :

*क) नेत्र सहायक पदका लागि*

नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट नेत्र सहायकको परीक्षा उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषद (NHPC) बाट अनुमति प्राप्त गरेको।

*ख) अप्टिकल डिस्पेन्सर पदका लागि*

नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट SEE उत्तीर्ण गरी अप्टिकल डिस्पेन्सर सम्बन्धी तालिम लिई प्रमाणपत्र प्राप्त गरेको।

२. उमेरः दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष ननाघेको ।

३. दरखास्त दिने स्थानः पञ्चदेवल विनायक नगरपालिकाको कार्यालय, विनायक अछाम।

४. दरखास्त दिने अन्तिम मितिः २०८०/१०/१६ गते कार्यलय समय भित्र।

५. आवेदन दस्तुर : रु.५००।- (पाँच सय रुपैया मात्र) पञ्चदेवल विनायक नगरपालिकाको माछापुच्छ्रे बैंकमा रहेको राजश्व खाता नं. ०७३००६५२९३६०००५१ मा जम्मा गरेको रसिद पेश गर्नुपर्ने।

६. छनोटको किसिमः छोटो सूची प्रकाशन, लिखित र मौखिक परीक्षा

७. आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः

- नेपाली नागरिकताको प्रमाणपत्र।
- न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र ।
- कामसँग सम्बन्धित अनुभव भए सोको कागजात ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।

८. सेवा सुविधाः नगरपालिकाको नियमानुसार हुनेछ ।

९. परीक्षा मितिः छोटो सूची प्रकाशन सँगै निर्धारण गरिनेछ।

*नोटः दरखास्त फाराम तथा अन्य कुनै जानकारीका लागि यस नगरपालिकाको कार्यालयमा वा फोन नं. ९८४९२६०६२७ मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।*

ध्रुब प्रसाद सापकोटा

ध्रुब प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner